# क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८३

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

प्रदेश सचिव

# <u>क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८३</u>

<u>प्रस्तावना:</u> मन्त्रालय वा अन्तर्गतका कार्यालयहरुमा रहेको प्रादेशिक सडक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान (रुट पहिचान तथा सडक सुरक्षा परीक्षण लगायत) का कार्य गर्न, भौतिक पूर्वाधार निर्माणका कार्यसँग सम्बन्धित प्राविधिक म्यानुअल, गाइड लाइन तथा निर्देशिका तयारी गर्न, वातावरणीय अध्ययन प्रतिवेदन (BES, IEE, EIA) र विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी गर्ने कार्य तथा सडक, सडक पुल, झो.पु. को डि.पी.आर. तयारी गर्न, बाढी पहिरोबाट क्षतिग्रस्त पूर्वाधार संरचना, आकस्मिक तथा तत्काल मर्मत सम्भारका कार्य गर्न, निर्माण सम्पन्न भएका सडक पुल र झोलुङ्गेपुलको मर्मत सम्भारका कार्य गर्न, जिल्लाका महत्वपूर्ण प्रादेशिक सडकहरुको सडक हेरालुबाट नियमित मर्मत सम्भारका कार्य गर्न, सरकारी भवन मर्मत सम्भार तथा निर्माण, प्रादेशिक सडक सञ्जाल भित्रका कालोपत्रे सडक सतहको आवधिक मर्मत सम्भार कार्य गर्न, र सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार समेतका कार्य गर्नका लागि विनियोजित एकमुष्ट बजेट बाँडफाँड गर्ने कार्यलाई प्रभावकारी, व्यवस्थित, पारदर्शी र नतिजामुलक बनाउन वाञ्छनीय भएकोले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## <u>परिच्छेद-१</u>
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम "क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाडफाँड सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "एकमुष्ट बजेट" भन्नाले स्वीकृत वार्षिक विकास कार्यक्रम तथा आयोजनामा समावेश भएका बाँडफाँड गर्न बाँकी रहेको रकम सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालय तथा आयोजना कार्यालय सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

प्रदेश सचिव

## परिच्छेद-२
## क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड तथा स्वीकृति र सीमा

३. बाँडफाँड गर्नुपर्ने बजेट शीर्षक: एकमुष्ट बजेट बाँडफाँड गर्नुपर्ने रकम खर्च शीर्षक देहाय अनुसार हुनेछ:-

(क) प्रादेशिक सडक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान (रुट पहिचान तथा सडक सुरक्षा परीक्षण लगायत) का कार्य गर्न उल्लिखित रकम,

(ख) भौतिक पूर्वाधार निर्माणका कार्यसँग सम्बन्धित प्राविधिक म्यानुअल, गाइड लाइन तथा निर्देशिका तयारी गर्न उल्लिखित रकम,

(ग) वातावरणीय अध्ययन प्रतिवेदन (BES, IEE, EIA) र विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी गर्ने कार्य तथा सडक, सडक पुल, झो.पु. को डि.पी.आर. तयारी गर्न उल्लिखित रकम,

(घ) बाढी पहिरोबाट क्षतिग्रस्त पूर्वाधार संरचना, आकस्मिक तथा तत्काल मर्मत सम्भार गर्न उल्लिखित रकम,

(ङ) निर्माण सम्पन्न भएका सडक पुल र झोलुङ्गेपुलको मर्मत सम्भार गर्न उल्लिखित रकम,

(च) जिल्लाका महत्वपूर्ण प्रादेशिक सडकहरुको सडक हेरालुबाट नियमित मर्मत सम्भार गर्न उल्लिखित रकम,

(छ) सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार गर्न उल्लिखित रकम,

(ज) प्रादेशिक सडक सञ्जाल भित्रका कालोपत्रे सडक सतहको आवधिक मर्मत सम्भार गर्न उल्लिखित रकम,

४. <u>निवेदन संकलन गर्न सक्ने</u>:(१) दफा ३ मा उल्लेखित खर्च शीर्षक नम्बरमा रहेका क्रियाकलापहरुको बाँडफाँडका लागि सम्बन्धित कार्यालयले सरोकारवाला स्थानीय तह तथा सम्बन्धित स्थानीय नागरिकसँग समन्वय गरी निवेदन संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन संकलन गर्दा स्थानीय तहको सिफारिस पेस गर्नसक्नेछ।

तर सरकारी भवन निर्माण तथा मर्मत सम्भारको हकमा मात्र सम्बन्धित कार्यालयको सिफारिस साथ पेस गर्नुपर्नेछ।

५. <u>निवेदन स्वीकृत गर्न सक्ने</u>: (१) दफा ४ बमोजिम संकलन भई प्राप्त निवेदन उपर छानविन गरी सम्बन्धित बजेट उपशीर्षक अनुरुपको उद्देश्य पूरा हुनेगरी बास्तविक आवश्यकता, सम्भाव्यता, उपयुक्तता, औचित्यतता र प्राथमिकताका आधारमा दोहोरोपन नहुने एकिन गरी कार्यालयले प्रचलित कानून बमोजिम पारदर्शी, बस्तुनिष्ठ र औचित्यपूर्ण हुने गरी सिफारिस साथ स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ साथै सोको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।



प्रदेश सचिव

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि सिफारिस साथ पेस भएका निवेदन उपर मन्त्रालयले उपयुक्तताको आधारमा स्वीकृत गर्न सक्नेछ।

(३) मन्त्रालय अन्तरगत दफा ३ मा उल्लेखित खर्च शीर्षकमा रहेको क्रियाकलापहरुको बाँडफाँड आवश्यकता र औचित्यताका आधारमा मन्त्रालय आफैले बाँडफाँड गर्न सक्नेछ।

(४) यस मापदण्ड बमोजिम क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट प्रदेश कानूनले तोके बमोजिमको अवधिमा बाँडफाँड गरिसक्नु पर्नेछ।

तर विपद् तथा आपतकालीन परिस्थितिको व्यवस्थापनका लागि मन्त्रालयले जुनसुकै समयमा कार्यालयको सिफारिसमा कार्यक्रम स्वीकृत गर्न सक्नेछ।

६. दफा ५ बमोजिम संकलित तथा स्वीकृत भएका कार्यक्रमको रकम न्यूनतम एकलाख रुपैयाँ भन्दा कम रकमका कार्यक्रम स्वीकृत गर्न सक्नेछैन ।

## परिच्छेद-३

## विविध

७. अधिकार प्रत्यायोजन गर्न सक्नेः मन्त्रालयले यस मापदण्डमा उल्लेखित आफुलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार मातहतका कार्यालय, निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. मापदण्ड संशोधन गर्न सक्नेः मन्त्रालयले आवश्यक देखेमा यो मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ।

९. खारेजी र बचाउः (१) क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड,२०८२ खारेज गरिएको छ।

(२) क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड,२०८२ बमोजिम भए गरेका कामकारवाही तथा क्रियाकलाप यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सचिव